# याङवरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर

(आर्थिक विकास शाखा)

मेदिबुङ, थर्पु पाँचथर
१ नं. प्रदेश, नेपाल


**विज्ञापन नं. : ०१-२०७६/०७७/कृषि विकास**

## विषय :सेवा करारमा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/०९/०८**

उपरोक्त सम्बन्धमा यस याङवरक गाँउपालिकाको आर्थिक विकास शाखा कृषि विकास इकाई अन्तर्गत रहि यस गाँउपालिकामा करेशाबारी निमार्ण सम्बन्धि कार्य गर्ने गरी सेवा नेपाल कृषि/पद/नायव प्राविधिक सहायक रा.प.अन.द्धितिय श्रेणीका प्राविधिक कर्मचारी नियुक्ति गर्नु पर्ने भएकाले आवस्यक योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन गरिएको मितिले १५(पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त आवेदन दिनहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।यसको फाराम,दरखास्त दस्तुर,कार्य विवरण,पारिश्रमिक,सेवा शर्तहरु सहितको विस्तृत विवरण गाँउ कार्यपालिको कार्यालयमा वा कार्यालयको वेभसाईट www.yangwarakmunpanchthar.gov.np बाट उपलब्ध हुने छ।

| क.स | श्रेणी/तह | सेवा | समूह | माग संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | सहायक स्तर चौथो | नेपाल कृषि | वागवानी | १ | मान्यता प्राप्त शैक्षीक संस्थाबाट बाली विज्ञान विषय लिई १५ महिने वा २९ महिने PJTA कोर्ष उतिर्ण गरेको वा सो भन्दा माथि भएको हुनु पर्ने छ। |

**१.शैक्षिक योगयता,अनुभव र आवस्यक शर्तहरु :**

(क) नेपाली नागरिक हुनु पर्ने ।

(ख) १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४० वर्ष ।

(ग) अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

**२.दरखास्तमा संलग्न गर्नुपर्ने कागाजात** : उम्मेदवारको व्याक्तिगत विवरण,शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

२०७६/०९/०८

प्रविनहाङ योङहाङ
प्रमुख प्रशासकीय अधिकृत